## ११८ औं कार्यपालिका बैठक (मिति २०८२ मंसिर १५ गते) को प्रस्तावनाहरुः

**प्रस्तावहरू:**

१) विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२) राजश्व परामर्श समितिबाट भएको मिति २०८२/०५/३१ को निर्णय अनुमोदन सम्बन्धमा ।

३) दोहोरो राजश्व फिर्ता सम्बन्धमा। (दि नाइन फोर्थ रिसोर्ट)

४) आर्थिक विकास समितिको मिति २०८२/०६/२० को निर्णय अनुमोदन सम्बन्धमा

५) आ.व. २०८०।०८१ को गदीया खोला खानेपानी आयोजनाको बेरूजु संपरिक्षण सम्बन्धमा।

६) पञ्चवर्षिय आवधिक योजना निर्माण सम्वन्धमा ।

७) सेवा निवृत्त कर्मचारीको सुविधा भुक्तानी सम्बन्धमा ।

८) क) नुवाकोट मदन आश्रित स्मृति प्रतिष्ठान जग्गा सम्बन्धमा ।
   ख) श्री इन्द्रायणी आधारभूत विद्यालयको जग्गा सम्बन्धमा ।

९) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् अनुमति सम्बन्धमा ।

१०) सूचिकृत मेलमिलापकर्ताको पोशाक र वडा मेलमिलाप संयोजकको संचार खर्च सम्बन्धमा

११) योजना शाखाको लागि आयोजना व्यवस्थापन सूचना प्रणाली खरिद सम्बन्धमा।

१२) विगत वर्षको बेरुजु फछ्यौटका लागि प्रमाण जुटाउने सम्वन्धमा ।

१३) रिक्त पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाउने सम्बन्धमा ।

१४) विविध

क) मिति २०८२/०७/१२ र मिति २०८२/०७/२७ गतेको राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

ख) नगर प्रमुख स्तरीय निर्णय अनुमोदन सम्बन्धमा ।

ग) पार्क तथा शौचालयहरुको व्यवस्थापन र संचालन कार्यविधि,२०८२ सम्वन्धमा ।

घ) नँया तरकारी पकेट कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा ।

ङ) तरकारी पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्ने सम्बन्धमा ।

च) तुप्चे संग्रालय सम्वन्धमा ।

छ) तहवृद्धि रद्द सम्वन्धमा ।

ज) त्रिभुवन त्रिशुली बहुमुखी क्याम्पसको भवन निर्माणको लागि राजश्व छुट सम्बन्धमा ।

CamScanner

निर्णयहरुः

१. नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. राजश्व परामर्श समितिको मिति २०८२/०५/३१ पुनःटेण्डर निकाल्ने सिफारिस र मिति २०८२/०५/३१ गतेको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो। पुनःटेण्डरको विवरण तपसिलमा उल्लिखित गरिएको छ ।

| क्र.सं. | विवरण | घ.मि. | घ.फि. | राजश्व रकम |
|---|---|---|---|---|
| १ | त्रिशुली नदी | १९,६२३ | ६,९२,८८८ | २,५१,००,००० |
| २ | तादी नदी | ४६,८५४ | १६,५४,४१४,७४ | |
| ३ | सलाखु ,गेर्खु ,फलाखु , सामारी | ६,०६९ | २,१४,२९६,३९ | |
| ४ | जाल्पादेवी खानी | २८,८५० | १०,१८,६९३,५ | |
| ५ | कवाडी | | | ७,००,००० |
| जम्मा | | १,०१,३९६ | ३५,८०,२९२,६३ | २,५८,००,००० |

३. द नाईन फोर्थ रिसोर्टले मिति २०८१/०९/२२ मा तिरेको राजश्व र पुनः मिति २०८२/३/२७ मा भुक्तानी गरेकोले दोहोरो पर्न गएको राजश्व रु.५००० यस वर्ष राजश्व फिर्ता उपशिर्षकमा नगरसभाबाट विनियोजन भएको बजेटबाट फिर्ता दिने सर्वसम्मत निर्णय गरियो।

४. आर्थिक विकास समितिको मिति २०८२।०६।२२ को निम्नानुसारको निर्णय सर्वसम्मत रुपमा अनुमोदन गरियो।

क) यस विदुर नगरपालिकाद्वारा रोपिएको सयपत्री फूलहरुले उत्पादन दिन थाली सकेको हुनाले पाहिलो लटको रुपमा उत्पादित फूलहरु बिक्रि गर्नुपर्ने समय भइसकेको र फूललाई समयमै नटिप्दा बिग्रेर जाने र प्रतिबोटको उत्पादन पनि घटेर जाने भएकाले तुरुन्त बिक्रि गर्नु पर्ने देखिन्छ ।बिग्रिएर जाने सयपत्री फूल सम्पर्कमा आउनु भएका ग्राहकहरुलाई हालको बजार मुल्य प्रतिकेजी रु. १५०-३०० को दरमा र मखमली फूल रु. ४००-५०० को दरमा बिक्रि गरी बाँकी फूलहरु बिक्रिका लागि टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

ख) कृषक स्तरीय घुम्ती तालिम र मिनीकिट वितरण कार्यक्रम अन्तर्गत तरकारी बाली, फलफूल खेती र मौरी पालन सम्वन्धि ३ दिने तालिम सञ्चालनका लागि वडा नं ५, ६ र ८ छनौट गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ग) आ.व. २०८२/८३ मा तरकारी बालीको नँया पकेट विकास कार्यक्रम संचालनको लागि १५ दिने प्रस्ताव आव्हानको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन समेत गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

५. गदीया खोला खानेपानी आयोजनाको लागि आर्थिक वर्ष २०८०।०८१ को लेखापरिक्षण हुँदा सो आयोजनाको लागि प्रयोग गर्ने भनी रु.७१,३०,७००।०२ को पाइप खरिद गरिएको मध्ये प्राविधिकले तयार गरेको नापी किताव र मूल्यांकन विल बमोजिम सो आयोजनामा आ.व २०८१।०८२ मा रु.५५,०६,२१२।०२ को पाइप प्रयोग भएकोले रु.७१,३०,७००।०२ बेरुजु मध्ये ५५,०६,२१२।०२ पाइप सोही आयोजनामा प्रयोग भई खानेपानी आयोजनाको निर्माण कार्य भएको हुँदा आवश्यक कागजात समेत संलग्न गरी संपरिक्षण गरी बेरुजु लगत कट्टा गरिदिन महालेखा परिक्षकको कार्यालय काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

६. पञ्चवर्षिय आवधिक योजना निर्माण गरी वार्षिक विकास कार्यक्रम र बजेट बनाउनुपर्ने कानूनी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७४ मा रहेको र यस नगरपालिकाको आ.व.२०७७।०७८ मा निर्माण भएको आवधिक योजनाको समयावधि यसै आ.व मा सकिने र आ.व २०८३।०८४ को बजेट तर्जुमा गर्नको लागि उक्त योजना नभई नहुने र कार्यालयमा उपलब्ध जनशक्तिबाट उक्त योजना निर्माण गर्न दक्षता र क्षमता नपुग्ने हुँदा चालु आ.व २०८२।०८३ को लागि आवधिक योजना निर्माण उपशिर्षकमा विनियोजित बजेटको सीमाभित्र रही प्रचलित कानून बमोजिम उक्त आयोजना निर्माण गर्न नगरप्रमुख स्तरीय मिति २०८२।०७।२१को निर्णय सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

७.साविकको तुप्चे गा.वि.स. मा स्थायी नियुक्त भंई सो गा.वि.स. मा मिति २०८१/४/८ सम्म सेवा गरी संघीयताको कार्यान्वयन गर्ने सिलसिलामा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएका पाँचौ तहका कर्मचारी श्री राजेन्द्र रिजालले साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐन, नियमावली बमोजिम पाउनु पर्ने उपदान, औषधि उपचार, विरामी विदा, घर विदा लगायतको रकम चालु आर्थिक वर्ष २०८२।०८३ मा भुक्तानी गर्न १७ औं नगरसभाबाट विगत वर्षको दायित्व भुक्तानी दिन विनियोजन भएको बजेटबाट सेवा निवृत सुविधाको रकम कार्यालयमले सम्वन्धित शिर्षकमा विनियोजित बजेट उपलब्धताको आधारमा किस्तावन्दीमा भुक्तानी दिन बाँकी प्रमाणित भएको कच्चाबारी अनुसारको रकम रु.१९ लाख ५६ हजार २ सय ६२ रुपैयाँ र यस कार्यालयमा कार्यरत बरिष्ठ सहायक पाँचौ दिपक मुडभरीलाई रु. २४ लाख ४१ हजार २ सय ४४ रुपैयाँ चालु आ.व.मा सेवा निवृत सुविधामा विनियोजित बजेट रु.१ करोडबाट विनियोजित बजेट उपलब्धताको आधारमा किस्तावन्दीमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

८ .क) विदुर नगरपालिकाको वडा नं. ४ मा कि.न. २६७७ सार्वजनिक जग्गामा नुवाकोट मदन आश्रित स्मृति प्रतिष्ठानको भवन निर्माण भएको र उक्त भवनको तला थपको लागि सामाजिक विकास कार्यालय, गजुरी धादिङ्गबाट रकम विनियोजन भएको र उक्त कार्य गर्न ठेक्का प्रयोजनको लागि संस्थाको प.सं. ०८२/०८३ च.नं.१५ मिति २०८२/०८/१० को पत्र मार्फत उक्त जग्गा भोकाधिकारको लागि माग भएको हुँदा स्थानीय सरकार संचालन ऐन,२०७९ को दफा १०३ अनुसार नियमानुसार भोगाधिकारको व्यवस्था गर्न लागि जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई अनुरोध गरी सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

CamScanner

ख) श्री ईन्द्रायणी आधारभूत विद्यालय, विदुर १ को लागि बागमति प्रदेश सरकारबाट चालु आ.व. २०८२।०८३ का लागि रु.२१ लाख बजेट कक्षाकोठा निर्माण तथा विद्यालय मर्मत संभार शिर्षकमा सामाजिक विकास कार्यालय गजुरी, धादिङ्गबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन भएकोले उक्त बजेट कार्यान्वयन गर्न विद्यालयले वि.स.२०४४ सालदेखि उपयोग गरी आएको कित्ता नं. ७६७ को क्षेत्रफल ५-६-१-० को जग्गा भोगाधिकारको व्यवस्था हुन सम्बन्धित कार्यालयमा सिफारिस गरी दिनु हुन भनी सो विद्यालयको प.स. २०८२।०८३ च.नं.१५ मिति २०८२।०८।१४ को पत्रबाट अनुरोध भई आएकोले स्थानीय सरकार संचालन ऐन,२०७९ को दफा १०३ अनुसार नियमानुसार भोगाधिकारको व्यवस्था गर्न लागि जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई अनुरोध गरी सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

९.क)ढुङ्गा,गिटि र बालुवाको लागि ३ वटा प्याकेजमा ठेक्का आह्वान गरिएकोमा जाल्पादेवी बालुवा खानीको एक वटा मात्र विड पेश भएकोमा उक्त आय ठेक्कामा रीतपूर्वकको कागजात पेश नभएकोले पुन:१५ दिनको म्याद दिई ठेक्का साविक IEE मा उल्लेख भए बमोजिमको Quantity र न्यूनतम अंकबाट बढाबढ हुने बेहोरा उल्लेख गरी ठेक्का आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) नुवाकोट जिल्लाको रातमाटेमा एम.सि.सि. परियोजना अन्तर्गत सव स्टेशन निर्माणको लागि मुडभरी एण्ड जोशी कन्सट्रक्सनसँग उक्त आयोजनाले नदीजन्य निर्माण सामग्री लिने गरी दुईपक्षीय संझौता गरेको र उक्त आयोजनाको लागि निर्माण सामग्री उपलब्ध गराई दिन नेपाल सरकारको ढुङ्गा, गिटी, वालुवा उत्खनन,बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा १ अनुसार यस नगरपालिकालाई मिति २०८२/०७/२५ को पत्रबाट अनुरोध गरेकोले IEE मा उल्लेख भएको परिमाणबाट ठेक्का आव्हान गरेको परिमाणलाई असर नपर्ने गरी ३००० घनमिटर मात्र विदुर नगरपालिकाबाट जारी भएको साधारण निर्माणजन्य पदार्थको संकलन,उत्खनन्, बिक्रि तथा व्यवस्थापन कार्यविधि,२०७७ अनुसूचि १ को क्र.स.२ बमोजिम प्रति क्यु.फिट रु.१ का दरले नगरपालिकाको सम्बन्धित खातामा राजश्व दाखिला गरेपछि मुडभरी एण्ड जोशी कन्सट्रक्सनलाई तपसिलको सवारी साधन प्रयोग गरि ३००० घनमिटर नदीजन्य निर्माण सामग्री (ग्रावेल) उत्खनन् गरी वर्डस्टोन क्रसर उद्योगमा लगि प्रशोधन गर्ने गरी अनुमति दिने सो उद्योगले प्रशोधन गरी विक्रि गर्ने निर्माण सामग्रीमा प्रदेश आर्थिक ऐन अनुसार रु.७ प्रति क्यु.फिटका दरले (VAT बाहेक) राजश्व समेत नगरप्रहरी मार्फत संकलन गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) नदीजन्य पदार्थको ठेक्का आव्हान भएकोमा ठेक्का नलागेसम्म प्रदेश आर्थिक ऐनले तोकेको दरमा राजश्व लिई नगरप्रहरी परीचालन गरी राजश्व उठाउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल:</u>

| क्र.स | सवारी साधन | क्र.स. | सवारी साधन |
|---|---|---|---|
| १. | स्यानी २२० | २. | स्काभेटर हुन्डाई १२० |
| ३. | रा.१.क. ८११ | ४. | बा.प्र.ब. ००१-००६ ख २२०४ |

१०. गत वर्षको १०२ औं कार्यपालिका बैठकले मेलमिलापकर्ताहरुको लागि मेलमिलाप गराए बापत र संचार सुविधा दिने सम्बन्धमा निर्णय गरी सुविधा बापतको रकम भुक्तानी दिंदै आएकोमा सो सुविधालाई चालु आ.व. ०८२/०८३ मा निरन्तरता दिने। २०७४ सालदेखि मेलमिलाप सम्बन्धि कार्य गर्दै आउनुभएका वडा मेलमिलाकर्ताहरुलाई छुट्टै पहिचान दिई काममा मनोबल बढाउन समेत आ.व. २०८२/०८३ मा विनियोजन भएको बजेट रु. ३ लाख मध्येबाट प्रतिव्यक्ति (कर सहित) रु.२ हजार पाँच सयमा नबढ्ने गरी पोशाक उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

साविकमा पाई आएको सुविधा

क मेलमिलाप गराए बापत रु.९००

ख सञ्चार सुविधा बापत रु.२५००

११. योजना शाखाले आयोजना तथा कार्यक्रम संझौता गर्दा विद्युतिय प्रणाली (software system)बाट गर्ने गरेको र हाल सञ्चालनमा रहेको उक्त प्रणाली वास्तविक प्रगति लगायतको विवरण दिन नसक्ने भएको र कार्यालयले आवश्यकतानुसार आयोजनागत विवरणहरु संपादन (edit) गर्न नसक्ने र विकासकर्ताले कार्यालयको अपेक्षा अनुसार सेवा दिन नसकेको कार्यालयको अपेक्षा अनुसारको समेत नभएको हुँदा योजनाशाखाबाट माग भए अनुसार विविध कार्यक्रम उपशिर्षक १०९ र ११० मा विनियोजित बजेट रु.पाँच लाख मध्येको बाँकी भएको बजेट र चालु आ.व.२०८२/०८३ मा उपशिर्षक ९३ को इन्टरनेट र सर्भर शुल्क विनियोजित बजेट समेतबाट भुक्तानी दिने गरी परियोजना व्यवस्थापन सम्बन्धी विद्युतिय प्रणाली खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

१२.महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनमा असुल उपर गर्नु पर्ने भनी उल्लेख गरिएको बेरुजु रकम कार्यालय प्रमुखले सम्बन्धित व्यक्ति वा संस्थालाई २१ (एक्काईस) दिनभित्र दाखिला गर्न लिखित जानकारी गराउने कानूनी व्यवस्था,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ मा नियम ९० को लगायतको रहेकोले सो कार्यविधिको व्यवस्था अनुसार सबै किसिमका बेरुजुको प्रमाण पेश गर्न लगाउन सम्बन्धित व्यक्ति,फर्म,कम्पनी,संस्थाहरुलाई नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

१३.यस कार्यालयको संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ अनुसार यस नगरपालिकामा रिक्त रहेको दरबन्दीमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ दफा १२ अनुसार कुनै पद रिक्त भएमा रिक्त भएको मितिले १ महिनाभित्र पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही अनुसार पदपूर्ति गर्न पददर्ता भएपछि पदपूर्ति गर्नुपर्ने अधिकृत तथा सहायक स्तरका प्राविधिक र अप्राविधिक पदहरु प्रशासन शाखाबाट पेश भए अनुसार प्रदेश लोकसेवा आयोगमा माग आकृति फारम पठाउने सर्वसम्मत निर्णय गरियो ।

१४. विविध

क) मिति २०८२/०७/१२ र मिति २०८२/०७/२७ गतेको राजश्व परामर्श समितिको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) i)मिति २०८२/०५/३१ गतेको राजश्व परामर्श समितिको निर्णय अनुसार ढुङ्गा,गिट्टी बालुवा लगायत दहत्तर बहत्तर र कवाडीजन्य पदार्थको ठेक्काको सूचना प्रकाशन गर्न पछि कार्यापालिकाबाट अनुमोदन हुने गरी मिति २०८२/०५/३१ गते भएको नगर प्रमुख स्तरीय निर्णय, मिति २०८२/०७/१२ गतेको राजश्व परामर्श समितिको निर्णय अनुसार ढुङ्गा,गिट्टी र बालुवा लगायत दहत्तर बहत्तर र कवाडीजन्य पदार्थको ठेक्काको सूचना प्रकाशन गर्न पछि कार्यापालिकाबाट अनुमोदन हुने गरी मिति २०८२/०७/१२ गते भएको नगर प्रमुख स्तरीय निर्णय र मिति २०८२/०७/२७ गतेको राजश्व परामर्श समितिको निर्णय अनुसार बहालकरलाई व्यवस्थित गर्न तथा दायरामा ल्याउनको लागि सम्पत्ति कर तथा भूमिकर बुझाउन

CamScanner

सेवाग्राही वडामा आउँदा अनिवार्य गर्ने निवेदनको ढाँचा अनिवार्य गर्न कार्यपालिकाबाट अनुमोदन हुने गरी मिति २०८२/०८/०१ गते गरिएको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

ii) चालु आ.व. २०८२/०८३ को लागि वागमती प्रदेश सरकारबाट यस नगरपालिकामा हर्मेटिक स्टोरेज निर्माणको लागि १ करोड बजेट विनियोजन भएको र सो को डि.पि.आर तयार गर्न मिति २०८२/०७/२४ मा नगर प्रमुख स्तरीय निर्णय अनुसार प्रक्रिया अगाडी बढाइएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) विदुर नगरपालिकाको ११४ औं कार्यपालिकको बैठकबाट गठन गरिएको पार्क तथा शौचालयहरुको व्यवस्थापन र संचालन कार्यविधि,२०८२ को दफा ३.१ (घ) बमोजिम उप-प्रमुख प्रभा बोगटीको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदन अनुमोदन गर्ने र पार्क व्यवस्थापन गर्न सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) मिति २०८२/०७/२५ गते बसेको कृषि शाखा अन्तरगत प्राविधिक समितिको बैठकको निर्णय तपसिलको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं१ . माथि छलफल गर्दा कृषि शाखा तर्फको कार्यक्रम "आ.व.२०८२/०८३ नयाँ तरकारी पकेट कार्यक्रम" संचालनका लागि प्राप्त आवेदनहरु "प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुयल २०७७" को अनुसुची ११ बमोजिम-मूल्याङ्कन गरी नयाँ तरकारी पकेट कार्यक्रम सञ्चालन गर्नको लागि प्राप्त भएको दुईवटा आवेदन मध्ये तुप्चे साना किसान कृषि सहकारी संस्थाले प्रस्ताव गरेको साहुगाउँ र महादेवखर्क क्षेत्रलाई पकेट क्षेत्र तोकी कार्यक्रम संचालन गर्न उपयुक्त देखिएको छ। मूल्यांकनका मापदण्का आधारमा तुप्चे साना किसान कृषि सहकारी संस्था र आशिर्वाद कृषि सहकारी संस्थाले क्रमश ८३.५ र ७२ अंक प्राप्त गरेको र स्थलगत अवलोकनका क्रममा तुप्चे साना किसान कृषि सहकारी संस्थाले पेश गरे बमोजिमको क्षेत्रफल एकै क्षेत्रमा क्लस्टरको रुपमा रहेको र कृषकहरु पनि तरकारी खेती गर्नको लागि प्रतिबद्ध रहेको देखियो भने आशिर्वाद कृषि सहकारी संस्थाले दुईवटा क्षेत्र समेटी पेश गरेको क्षेत्रफल (बगुवा,सिरुवा,राइसिंग,चारसयफाँट,खुर्सनि खोला,माझिगाँउ,अजिङ्गरे,हर्कपुर) एकै क्लस्टरमा नरहेको र यस सहकारी संस्थाले गत आ.व. मा कृषि विकास कार्यालयबाट यसै प्रकृतिको कार्यक्रम प्राप्त गरी संचालन गर्नुका साथै कृषकहरु पनि मुख्य तरकारी खेती भन्दा आलु खेती गर्नको लागि ईच्छुक रहेको देखिएकाले सम्पूर्ण मूल्याङ्कनका आधारमा तुप्चे साना किसान कृषि सहकारी संस्थालाई नयाँ तरकारी पकेटको रुपमा छनौट गर्ने र सो निर्णय कार्यपालिका मार्फत अनुमोदन गराउने निर्णय गरियो

ङ) प्रस्ताव नं२ . माथि छलफल गर्दा तुप्चे साना किसान सहकारी संस्थाले प्रस्ताव गरेको वडा नं.७ को साहुगाउँ र महादेवखर्कको प्रस्तावित क्षेत्रफललाई चार किल्ला तोक्ने निर्णय गरियो।

च) **तुप्चे संग्रालय सम्बन्धमा ।**

तुप्चे संग्रालयको विषयमा सहकारीलाई पत्र लेखी नगरपालिकामा छलफलको लागि बोलाउने सर्वसम्मत निर्णय गरियो ।

छ) यस कार्यालयको मिति २०८२/०३/२७ को निर्णय अनुसार सव-ईन्जिनियर पदबाट सहायक ईन्जिनियर पदमा तहवृद्धि भएका निशा दुङ्गाना क.सं.नं. २४०८९६ स्थानीय सरकार (गठन तथा संचालन) ऐन, २०७९ को दफा १४५ अनुसार प्रदेशको स्थानीय तहभित्र समायोजन भएका वा संघिय वा प्रदेश लोकसेवा आयोगको सिफारिसमा पदपूर्ति भएका बाहेक अन्य प्रदेश,स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तहवृद्धि,बढुवा,उपदान निवृत्तभरण लगायतका सुविधा नपाउने भनी उल्लेख भएको हुँदा सव-ईन्जिनियर निशा दुङ्गाना कोशी प्रदेश, सन्दकपुर गाँउपालिका, इलामबाट कामकाज गर्न खटी आएको हुँदा निजको हकमा

माथि उल्लिखित मितिमा भएको तहवृद्धि कानून सम्मत भएको नदेखिएकोले रद्द गर्ने सर्वसम्मत निर्णय गरियो ।

ज) विदुर नगरपालिका वडा नं.१ त्रिशुली बजारमा स्थापना भएको त्रिभुवन त्रिशुली बहुमुखी क्याम्पको भवन निर्माणको लागि वागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट आ.व. २०८२/०८३ को रकम विनियोजन भएको र कलेजको आर्थिक अवस्था कमजोर भएको हुँदा नक्सा पास दस्तुर छुट गरिदिनुहुन भनी वडा नं.१ वडा कार्यालयको च.नं.२९६ मिति २०८२/०८/१२ को पत्रबाट अनुरोध भई आएको हुँदा उक्त क्याम्पसको नयाँ निर्माण हुने भवनको नक्सापास दस्तुरमा ९०% (प्रतिशत) छुट दिने सर्वसम्मत निर्णय गरियो ।

CamScanner